# राष्ट्रिय प्रकृति संरक्षण कोष

केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर ।

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७३।१२।०८

यस कोषद्वारा आ.ब. २०७३।०७४ मा कोशीटप्पु वन्यजन्तु आरक्ष, पश्चिम कुशाहाको कार्यालय तथा निवास परिसरमा जङ्गली हात्तीको आक्रमणबाट सुरक्षा प्रदान गर्न विद्युतीय तारबार निर्माण सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरी नियमानुसार दर्ता भएका सो कार्य सँग सम्बन्धीत फर्म/कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| सूचना नं | कार्यको विवरण | स्थान | लागत अनुमान कन्टिन्जेन्सि तथा मू.अ.कर बाहेक (रु.) | दरभाउपत्र जमानत (रु.) |
|---|---|---|---|---|
| १३।०७३।०७४ | बिद्युतीय तारबार | कोशिटप्पु वन्यजन्तु आरक्ष कार्यालय, पश्चिम कुशाहा, सुनसरि | १४,८३,९०६।४३ | ४९,०००।- |

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र चालु आर्थिक बर्षको नविकरण गरेको फर्म ईजाजत पत्र, आयकर प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७२।०७३ को आयकर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु, निमार्ण कार्यको लागि सम्बन्धित निकायको इजाजतपत्र निवेदनसाथ संलग्न राखी सम्बन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलवन्दी दरभाउपत्र फारम रु. १,०००।- (रु. एक हजार) मात्र (फिर्ता नहुने गरी) तिरी यस कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुरबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरि १६ औं दिनको १२ बजे भित्र सिलवन्दी गरी यस कोषको केन्द्रीय कार्यालयमा दाखिला गरि सक्नु पर्नेछ ।

३. दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. निर्माण कार्यको विवरण (Specification) दरभाउपत्र फारामसाथ उपलव्ध हुनेछ । यसमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कोषको प्रशासनमा वा टेलिफोन नम्बर ५५२६५७१, ५५२६५७३ मा सम्पर्क राख्न सकिने छ ।

५. सिलवन्दी दरभाउपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. सिलवन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला हुने अन्तिम मितिबाट ४५ (पैंतालीस) दिनको हुनु पर्ने छ । सिलवन्दी दरभाउपत्र पेश गर्ने फर्म वा कम्पनीले तोकिएको दरभाउपत्र जमानत रकम बाणिज्य बैंकबाट नियमानुसार ७५ (पचहत्तर) दिनको मान्य अवधि रहने गरी यस कोषको नाममा जारी गरेको बैंक जमानत (बैक ग्यारेण्टी) को सक्कल प्रति पेश गर्नु पर्नेछ वा यस कोषको स्टयाण्डर्ड चार्टर्ड बैक लिमिटेड, जावलाखेल, ललितपुरको चल्ती खाता नम्बर ०१-०००२७५५-०३ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा कुनै पनि सजाय नभएको भनी लिखित घोषणा गरेको कागजात दरभाउत्रसाथ पेश गर्नु पर्नेछ ।

८. आवश्यक कागजातहरु नभएको, रित नपुगेको, म्याद नाघी आएको, कुनै शर्त राखेको, दरभाउपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढाँचामा नभएको, दरभाउपत्रदाता वा नीजको प्रतिनिधिको सही तथा फर्मको छाप नभएको, अपुरो किसिमले भरिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी दरभाउपत्रको खाम बाहिर फर्म वा सप्लायर्सको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ र सिलबन्दी दरभाउपत्र भनी स्पष्ट सँग लेख्नु पर्ने छ ।

९. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा हुनेछ ।

१०. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषसंग सुरक्षित रहने छ ।

११. यो सूचनामा उल्लेख हुन छुट भएका व्यहोराहरु प्रचलित कानून अनुसार हुनेछ ।

(मिति २०७३।१२।०८ को गोरखापत्रमा प्रकाशित सूचनासँग सम्बन्धित ।)